# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
### गोलबजार, सिरहा
### मधेश प्रदेश, नेपाल

**विज्ञापन कर सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/१३)

यस नगरपालिका कार्यालयबाट आ.व. २०७९।०८० देखि ०८१।८२ सम्मको लागि गोलबजार नगरपालिकाको नगर सभाबाट पारित "आर्थिक ऐन, २०७९" बमोजिम गोलबजार नगरपालिका क्षेत्रभित्र गरिने विज्ञापनको नगरसभाले निर्धारण गरे बमोजिम विज्ञापन कर संकलन गर्ने कार्य गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा सो कार्य संग सम्वन्धित फर्म/कम्पनी मार्फत दरभाउपत्र पेशका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. फर्म/कम्पनीको सम्पूर्ण कागजात सहित यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखावाट रु १,०००।- को (अक्षरेपी एक हजार पछि फिर्ता नहुने गरी ) रसिद काटी फारम यस कार्यालयको प्रशासन शाखावाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको आवेदन फर्म आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ वजेसम्म यस कार्यालयको प्रशासन शाखामा बुझाउनु पर्नेछ। दर्ता गराँउदा शिलवन्दी निवेदनसँग यस कार्यालयको नाममा ग्लोबल आई एम ई बैंक गोलबजारमा संचालनमा रहेको धरौटी हिसाव नं. ५५०४०१००००१६ (कार्यालयको कोड नं. ८०१०२१६०३) मा आफुले कवोल गरेको रकमको नेपाली भए ५ प्रतिशत हुने रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य पेश गर्नुपर्नेछ।।

३. दर्ता भएका सिलवन्दी दरभापत्रहरु सूचना प्रकाशन भएको १६ औं दिन दिनको २ वजे सम्वन्धित कार्यालय तथा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितीमा खोलिनेछ तर प्रतिनिधी उपस्थिती नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयले सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. रित नपुगेको तथा म्याद नाघी आएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन।

| ठेक्का नं. | कामको विवरण | आ.व. ०७९।८० देखि ८१/८२ सम्मको (न्यूनतम कबोल रकम - मु.अ.कर बाहेक ) |
|---|---|---|
| १३/२०७८/७९ | विज्ञापन कर सम्बन्धी कार्य | रु. २,०५,०००।– (दुई लाख पाँच हजार) |

(हस्ताक्षर)

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिरहा।